# श्वेत-गंगा हाइड्रोपावर एण्ड कन्स्ट्रक्सन लिमिटेड

**(प. लि. द. नं. १५७१०१/०७३/७४)**

**वि.सं. २०८० साल मंसिर २६ गते मंगलबारका दिन कुण्डलिनि दरबार ब्याङ्क्वेट, चण्डोल, काठमाण्डौमा सम्पन्न भएको**

**सातौं वार्षिक साधारण सभाको काम कारबाही तथा निर्णय पुस्तिका**

## Minute of 7th Annual General Meeting

**(क) पृष्ठभूमि :**

यस श्वेत-गंगा हाइड्रोपावर एण्ड कन्स्ट्रक्सन लिमिटेडको सातौं वार्षिक साधारण सभा मिति २०८० साल मंसिर २६ (तदनुसार १२ डिसेम्बर, २०२३) मंगलबारका दिन बिहान ११:०० बजे का. म. न. पा. ४, काठमाण्डौ चण्डोल स्थित कुण्डलिनि दरबार ब्याङ्क्वेटमा सम्पन्न भएको थियो । कार्यक्रम सञ्चालकले समितिका सञ्चालक सदस्यहरू, कम्पनीका शेयरधनीमहानुभावहरू, आमन्त्रित वर्ग, कम्पनीका पदाधिकारीहरू लगायत उपस्थित सबैलाई आसन ग्रहण गर्न अनुरोध गर्नुका साथै उपस्थित सबैलाई सातौं वार्षिक साधारण सभामा स्वागत गर्नु भएको थियो । वार्षिक साधारण सभाको अध्यक्षता कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री अनुप कुमार उपाध्यायज्यूले गर्नु भएको थियो । साधारण सभामा अध्यक्षज्यूले आफ्नो मन्तव्य सहित सञ्चालक समितिको तर्फबाट आ. व. २०७९/८० को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भयो, भने कम्पनी व्यवस्थापनका तर्फबाट यस कम्पनीद्वारा प्रवर्द्धित तथा सञ्चालित रामेछाप तथा ओखलढुङ्गा जिल्लाको सीमा भएर बग्ने लिखु खोलामा निर्मित २८.१ मे.वा. जडित क्षमताको तल्लो लिखु जलविद्युत आयोजना निर्माण तथा सञ्चालनका सम्बन्धमा भए गरिएका कार्यहरू र कम्पनीको आर्थिक तथा वित्तीय अवस्थाका सम्बन्धमा पावरप्वाईन्टका माध्यमबाट प्रस्तुतीकरण गरिनुका साथै आयोजनाका बारेमा श्रव्य-दृष्य(अडियो-भिडियो) मार्फत जानकारी गराइयो । तत् पश्चात् शेयरधनीहरूबाट राखिएका जिज्ञासाहरू सम्बोधन गरी साधारण सभामा पेश गरिएका निर्धारित प्रस्तावहरू उपर छलफल गरी सबै प्रस्तावहरू सर्वसम्मतिले पारित गरियो । साधारण सभा बिहान ११:०० बजेबाट शुरू भई निर्धारित विषयसूची अनुसारका विषयहरूमा छलफल तथा निर्णय गरी दिनको १२:५० बजे समापन भएको थियो ।

**(१) सभाको सूचना तथा प्रकाशन :**

यस कम्पनीको सञ्चालक समितिको मिति २०८० साल मंसिर ०४ (तदनुसार २० नोभेम्बर, २०२३) गते बसेको बैठकको निर्णयानुसार आयोजित कम्पनीको यस सातौं वार्षिक साधारण सभाको जानकारीका लागि २०८० साल मंसिर ०५ (तदनुसार २१ नोभेम्बर, २०२३) गतेको अभियान राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक र २०८० साल मंसिर ११ (तदनुसार २७ नोभेम्बर, २०२३) गतेको कारोबार राष्ट्रिय दैनिक पत्रिकामा दोस्रो पटक कम्पनीको संक्षिप्त आर्थिक विवरण सहित सार्वजनिक सूचना प्रकाशित गरिएको थियो । साथै, उल्लिखित सूचना तथा जानकारी यस कम्पनीको वेबसाईट www.swetgangahydropower.com मा पनि राखिएको थियो ।

SWET-GANGA HYDROPOWER & CONSTRUCTION LIMITED

(२) **उपस्थिति :**

**(अ) सञ्चालकहरूको उपस्थिति**

| | |
|---|---|
| श्री अनुप कुमार उपाध्याय<br>(प्रतिनिधि सानिमा हाइड्रोपावर लि.) | सञ्चालक/अध्यक्ष |
| डा. सुवर्णदास श्रेष्ठ<br>(प्रतिनिधि सानिमा हाइड्रो एण्ड इन्जिनियरिङ्ग प्रा. लि.) | कार्यकारी सञ्चालक |
| श्री गृष्म ओझा<br>(प्रतिनिधि सानिमा माई हाइड्रोपावर लि.) | सञ्चालक-सदस्य |
| श्रीमती शान्ति निरौला (ओझा) | सञ्चालक-सदस्य |
| श्री भरत रेग्मी | सञ्चालक-सदस्य |
| श्री दिलिप श्रेष्ठ | सञ्चालक-सदस्य |
| श्री कन्हैया कुमार मानन्धर | स्वतन्त्र सञ्चालक -सदस्य |

**(आ) कम्पनीका पदाधिकारीको उपस्थिति**

| | |
|---|---|
| श्री भोजराज पौडेल | महा-प्रबन्धक |
| श्रीमती अंगुरा कोइराला | कम्पनी सचिव |
| श्री अनन्त विजया डौलिया | वित्त प्रमुख |

**(इ) विभिन्न निकायका पदाधिकारी/प्रतिनिधिको उपस्थिति :**

| | |
|---|---|
| श्री सुनिर कुमार ढुङ्गेल<br>(प्रतिनिधि एस. ए. आर. असोसिएट्स एण्ड चार्टर्ड एकाउण्टेण्टस) | लेखापरीक्षक |
| श्री भिष्मराज चालिसे<br>(प्रतिनिधि सानिमा क्यापिटल) | शेयर रजिष्ट्रार |

**(ई) शेयरधनीहरूको उपस्थिति :**

| | | |
|---|---|---|
| १. स्वयम् उपस्थित हुने शेयरधनीहरूको संख्या<br>(संस्थागत शेयरधनीहरूको प्रतिनिधि समेत) | - | १०७ जना |
| २. प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयरधनीहरूको संख्या | - | १९० जना |
| ३. जम्मा उपस्थित संख्या | - | २९७ जना |

SWET-GANGA HYDROPOWER & CONSTRUCTION LIMITED

(३) **<u>सातौं वार्षिक साधारण सभामा छलफलको लागि प्रस्ताव गरिएका विषयहरू :</u>**

साधारण सभामा निम्न विषयहरू छलफल तथा निर्णयका लागि प्रस्तुत गरिएको थियो :

**<u>(क) साधारण प्रस्तावहरू :</u>**

१. कम्पनीको सञ्चालक समितिको सातौं वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२. कम्पनीको आ. व. २०७९/८० को लेखापरीक्षण प्रतिवेदन सहित २०८० आषाढ मसान्तसम्मको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र तत् सम्बन्धी अनुसूचीहरू छलफल गरी पारित गर्ने ।

३. लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम आ. व. २०८०/८१ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने तथा पारिश्रमिक निर्धारण गर्ने ।

४. रिक्त सञ्चालक पदमा सञ्चालक समितिबाट भएको नियुक्ति अनुमोदन गर्ने ।

**<u>(ख) विविध ।</u>**

(४) **<u>गणपुरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्व</u>**

| विवरण | कुल संख्या | स्वयम् उपस्थिति | प्रतिनिधिबाट उपस्थिति | जम्मा उपस्थिति | उपस्थितिको प्रतिशत |
|---|---|---|---|---|---|
| शेयरधनी संख्या | १,८६,३८८ | १०७ | १९० | २९७ | ०.१६ % |
| कम्पनीको शेयर संख्या | १,५९,३०,००० | १,१२,३४,४६४ | ३,६२,३०५ | १,१५,९६,७६९ | ७२.८० % |

**(ख) सभाको वैधानिकता**

(१) यस कम्पनीको नियमावली र कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपुरक संख्या बाँडफाँड भएको कूल शेयर संख्याको ५० प्रतिशतभन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरूमध्ये कम्तिमा ३ जना शेयरधनीहरू स्वयम् वा प्रतिनिधि मार्फत उपस्थिति हुनु पर्ने प्रावधान बमोजिम कम्पनीको सातौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरूको हाजिरी पुस्तिकामा स्वयम् तथा प्रतिनिधि मार्फत हाजिरी जनाउने शेयरधनीहरूको संख्या २९७ भएको र कूल बाँडफाँड भएको **७२.८०** % प्रतिशत शेयरको प्रतिनिधित्व भएको हुँदा कम्पनीको नियमावली तथा प्रचलित कानुन बमोजिम साधारण सभाको लागि गणपुरक संख्या पुगेको र सभा वैधानिक भएको व्यहोरा सभा समक्ष जानकारी गराइयो ।

(२) कम्पनीको नियमावलीमा व्यवस्था भए बमोजिम सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्ष श्री अनुप कुमार उपाध्यायज्यूले गर्नु भई, सातौं वार्षिक साधारण सभा शुरू गर्न अनुमति दिनु भए बमोजिम सभा सञ्चालन गरियो ।

**(ग) सभा सञ्चालन तथा प्रस्ताव उपर छलफल :**

साधारण सभाको कार्यक्रम सञ्चालन गर्न सभा-अध्यक्षज्यूबाट अनुमति प्राप्त भएपछि साधारण सभाका अध्यक्ष श्री अनुप कुमार उपाध्यायज्यूलाई कम्पनीको वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न अनुरोध गरियो । तत् पश्चात् अध्यक्षज्यूले मन्तव्य सहित सञ्चालक समितिको तर्फबाट आ. व. २०७९/८० को

SWET-GANGA HYDROPOWER & CONSTRUCTION LIMITED

वार्षिक प्रतिवेदन अनुमोदनका लागि प्रस्तुत गर्नुभयो । साथै, कम्पनी व्यवस्थापनको तर्फबाट कार्यकारी सञ्चालक डा. सुवर्णदास श्रेष्ठज्यू तथा वरिष्ठ इन्जिनियर श्री आशिस ढकालज्यूले यस कम्पनीद्वारा रामेछाप जिल्लाको लिखुतामाकोशी गा. पा. र ओखलढुङ्गा जिल्लाको लिखु गा. पा. को सिमाना भएर बग्ने लिखु नदीको पानी प्रयोग गरी प्रवर्द्धित तल्लो लिखु जलविद्युत आयोजना (२८.१ मे. वा.) को निर्माण तथा सञ्चालनको अवस्था, विद्युत उत्पादन, कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्वका कार्यहरू लगायत आयोजनाको विस्तृत विवरण पावरप्वाइन्ट प्रस्तुतीकरण तथा श्रव्य-दृष्य(अडियो-भिडियो) को माध्यमद्वारा जानकारी गराउनु भयो । प्रस्तुत प्रतिवेदन तथा शेयरधनीहरूलाई उपलब्ध गराईएको लेखापरीक्षण प्रतिवेदन सहितको २०८० आषाढ मसान्त सम्मको वासलात तथा सोही मितिमा समाप्त भएको आ. व. २०७९/८० को वार्षिक नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण, तत् सम्बन्धी अनुसूचीहरू समेतमा आ-आफ्नो राय, प्रतिक्रिया तथा सुझाव दिन तथा सो सम्बन्धमा छलफल गर्न र आफ्नो मन्तव्य राख्न शेयरधनीहरूलाई अनुरोध गरियो । कम्पनीका निम्न शेयरधनीहरूले मन्तव्यका क्रममा व्यक्त गर्नु भएको राय, सुझाव तथा जिज्ञासाहरूको मुख्य अंश निम्न अनुसार रहेको छ :

**(अ) श्री रोजलिन श्रेष्ठ**

कम्पनीको स्थापना कालदेखि हालसम्म निरन्तर रूपमा काम गर्नुहुने सम्पूर्ण व्यक्तित्वलाई धन्यवाद ज्ञापन तथा शुभकामना दिंदै आगामी वर्षमा शेयरधनीहरूलाई धेरै भन्दा धेरै लाभांश वितरण गरिदिनु हुन आग्रह गर्दछु । कम्पनीको वित्तीय प्रतिवेदनको समीक्षा गर्दा कम्पनी आगामी दिनहरूमा नाफामा जाने अपेक्षा गर्दछु । कम्पनीको प्रशासकीय खर्चलाई कम गर्दै लैजान तथा कर्मचारीहरूलाई दिइने तालिमहरूलाई निरन्तरता दिनुका साथै कर्मचारीहरूको व्यवसायिक सुरक्षा तथा स्वास्थ्यमा ध्यान दिनु हुन सुझाव दिन चाहन्छु ।

**(आ) श्री ब्रम्हदेव शाक्य**

नेपालको अपार जलश्रोतलाई उपयोग गरेर सञ्चालन भएको यस तल्लो लिखु जलविद्युत आयोजनाको भविष्य सुखद र सुनौलो रहेको छ । आयोजना अब पूर्ण क्षमतामा सञ्चालन हुन सक्ने अवस्था रहेकाले निकट भविष्यमा लाभांश प्रदान गर्ने अपेक्षा गर्दछु । कम्पनीले विद्युत उत्पादन गरेर नाफा मात्र आर्जन गर्दैन देशको अर्थतन्त्र समेत दरिलो बनाउदछ । यसका लागि कम्पनीका सञ्चालक, व्यवस्थापन तथा कर्मचारीहरूलाई समेत धन्यवादका साथै शुभकामना दिन चाहन्छु । विद्युत उत्पादन गर्नु भनेको आँखा दान दिनु जस्तै हो ।

**(इ) श्री डमरू वल्लभ घिमिरे**

प्रस्तुतीकरणका साथै श्रव्य-दृष्य(अडियो-भिडियो) मार्फत जानकारी दिनुभएको हुनाले सबै कुरा प्रष्ट हुन सक्यो त्यसका लागि म सम्पूर्णमा आभार प्रकट गर्न चाहन्छु । आयोजना समयमा नै सञ्चालनमा आउनु निकै सुखद कुरा हो । दक्ष सञ्चालक समिति भएका कारण यस कम्पनीमा गरिएको लगानीबाट राम्रो प्रतिफल पाउने अपेक्षा गर्दछु । संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यहरू राम्रोसँग गर्नु भएकोमा धन्यवाद । हकप्रद शेयर जारी गरी नयाँ आयोजनाहरू पनि निर्माण गर्ने सुझाव दिन चाहन्छु । प्रस्तुतीकरण तथा वार्षिक प्रतिवेदनमा प्रति मेगा वाट लागत पनि समावेश गरियोस् । सञ्चालक समिति तथा व्यवस्थापनमा निखार र अनुभवी व्यक्तिहरू हुनु भएको हुँदा कम्पनी एकदम राम्रोसँग अगाडि बढ्ने कुरामा हामी विश्वस्त छौं ।

SWET-GANGA HYDROPOWER & CONSTRUCTION LIMITED

(ई) **श्री कृष्ण प्रसाद अधिकारी**

सर्वप्रथम विश्व शान्तिको कामना गर्दछु । अबका वर्षमा कम्पनीको प्रतिवेदन सबैले बुझ्ने नेपाली भाषामा पनि तयार गरियोस् । यस कम्पनीको नाम श्वेत गंगा कसरी रहन गयो सो बारे जानकारी गराई दिनुहोला । सर्वसाधरण शेयरधनीहरूलाई पनि आयोजना स्थलमा भ्रमण गराउन अनुरोध गर्दछु । प्रतिवेदनमा सञ्चालकहरूको सामान्य परिचय तथा आधारभूत शेयरधनीहरूको विवरण पनि समावेश गरियोस् । आगामी वर्षबाट ऋण तिर्नुका साथै लाभांश वितरण गर्ने व्यवस्था पनि गरियोस् ।

(उ) **श्री सुदिप श्रेष्ठ**

अडियो भिडियोबाट कम्पनीको बारेमा छर्लङ्ग हुने गरी जानकारी प्राप्त भयो । आयोजना सफलतापूर्वक सम्पन्न भई सञ्चालनमा आएकोमा हामी सर्वसाधरण शेयरधनीहरू हर्षित भएका छौं । जलविद्युत कम्पनीबाट दीर्घकालिन समयमा मात्र प्रतिफल प्राप्त हुने भएकाले लगानीको प्रतिफल पाउन कुर्नु पर्ने देखिन्छ । यस कम्पनीले वातावरण संरक्षण, संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत शिक्षा, सिंचाई तथा कृषिजन्य क्षेत्रमा निर्वाह गरेको भूमिका काम सह्रानिय रहेको छ । निकट भविष्यमा यस कम्पनीले अझै राम्रो गरोस् र चाँडै प्रतिफल दिओस् ।

(ऊ) **श्री निरूपमा गुप्ता**

कम्पनीको वित्तीय अवस्था सुधारका लागि अनुरोध गर्दछु । विद्युत उत्पादन सुरू भए पश्चात् पनि कम्पनी घाटामा देखिएको छ, तर आयोजना सञ्चालनमा आएको १.५ वर्ष मात्र भएकोले घाटा देखिनु जायज नै छ । आशा छ आगामी दिनहरूमा नाफामा गई लाभांश वितरण गर्नु हुनेछ । वित्तीय खर्च अलि बढि देखिएको छ, खर्च के केमा भएको छ सोको जानकारी गराई दिनुहोला । आगामी दिनहरूमा खर्चमा मितव्ययिता अपनाउनुहुन अनुरोध गर्दछु । यस कम्पनीको भविष्य राम्रो देखिन्छ । संस्थागत सामाजिक उत्तरदायित्व, वातावरण संरक्षणको पक्षमा भएका कार्यहरू तारिफ योग्य छन् । अर्को वर्षदेखि लाभांश दिन सक्ने गरी कस्तो रणनीति अपनाउनु हुन्छ सो बारे पनि जानकारी गराउन अनुरोध गर्दछु ।

शेयरधनी महानुभावहरूबाट मन्तव्यका क्रममा राय, सुझाव र जिज्ञासा राख्ने कार्य पूरा भएपछि शेयरधनीहरूको जिज्ञासाहरूका सम्बन्धमा अध्यक्षज्यूको आज्ञाले कम्पनीका कार्यकारी सञ्चालक डा. सुवर्ण दास श्रेष्ठले सम्बन्धित विषयमा निम्न बमोजिम प्रष्ट पार्दै, जवाफ दिनु भयो ।

**डा. सुवर्ण दास श्रेष्ठ - कार्यकारी सञ्चालक**

यस कम्पनी प्रति माया, ममता एवम् सद्भाव व्यक्त गर्नु भएकोमा सबैजना प्रति आभार व्यक्त गर्दै आजको यस कम्पनीको वार्षिक साधारण सभामा शेयरधनीहरूले तल्लो लिखु जलविद्युत आयोजनाको भविष्यलाई ध्यानमा राखी क्रियाशिल भई रचानात्मक सल्लाह सुझाव दिनु भएकोमा कार्यकारी सञ्चालकज्यूले सबैमा धन्यवाद दिनु भयो । यस कम्पनीबाट सक्दो चाडो लाभांश दिन सक्ने हिसावले व्यवस्थापन पक्ष सधै क्रियाशिल रहेको तथा आयोजना चुस्त र स्वस्थ रूपमा ३६५ दिन नै सञ्चालन गर्ने प्रतिवद्धता जनाउँदै शेयरधनीहरूको जिज्ञासाका सम्बन्धमा निम्नानुसार प्रष्ट पार्नु भयो ।

SWET-GANGA HYDROPOWER & CONSTRUCTION LIMITED

- श्वेत-गंगा नामाकरण कसरी रहन गयो भन्ने विषयमा नुम्बुर हिमालबाट आएको नदीहरूलाई स्थानीयहरूले विभिन्न नामाकरण गरे अनुसार लिखु नदीमा आयोजना निर्माण गर्ने यस कम्पनीको नाम सोहि अनुसार श्वेत-गंगा राखिएको हो ।
- गत वर्षको साधारण सभामा जानकारी गराए अनुसार आयोजनाको लागत बढ्न गएतापनि यस आर्थिक वर्ष २०८०/८१ को पहिलो त्रैमासको आम्दानीले कम्पनीको अवस्था राम्रो रहेको सूचित गरेको छ र यसै अनुसार केही वर्षमा कम्पनीले खुद आम्दानीबाट लाभांश वितरण गर्न सक्नेछ ।
- वित्तीय खर्च घटाउने सम्बन्धमा आयोजना निर्माण अवस्थामा सहवित्तीयकरण बैंकहरूसँग समन्वय गरी व्याजदर ३ वर्षसम्म न्यूनतम कायम गर्न सफल भएका थियौं । त्यस पश्चात् पनि कम्पनीले औसतमा ११ % व्याज तिर्दै आएको छ । भविष्यमा पनि न्यूनतम व्याजदर कायम राख्न प्रयासरत रहनेनै छौं ।
- प्रशासनिक खँर्च बढेको विषयमा आयोजना यसै आर्थिक वर्ष सञ्चालनमा आएको हुँदा, प्रशासनिक खर्च शीर्षक अन्तर्गत amortization, depreciation जस्ता शीर्षक पनि समावेश हुने हुँदा खर्च बढि देखिएको हो । आगामी दिनहरूमा कम्पनीले आयोजना सुचारू रूपले सञ्चालन गर्नका लागि समय समयमा मर्मत संभार, जगेडा पार्ट पूर्जाको व्यवस्थापन गर्ने तथा परामर्शदाता नियुक्त गर्ने जस्ता कार्यमा मुख्य रूपमा खर्च केन्द्रित गर्नेछौं ।
- कम्पनीको व्यवसाय विस्तार मार्फत आयोजनाबाट प्रतिफल बढाउने उद्देश्यले प्रस्तावित तल्लो लिखु क्यास्केड जलविद्युत आयोजनाको अध्ययन तथा अनुसन्धान चाडै नै सम्पन्न गरी विद्युत खरिद सम्झौताको लागि तयारी गर्ने र निर्माणमा लैजाने योजना रहेको छ ।
- सर्वसाधरण शेयरधनीहरूबाट प्राप्त सहकार्य र सहयोगका साथै अनुभवी सञ्चालकहरू चुनेर पठाउनु भएकोमा धन्यवाद दिंदै कम्पनी एवम् आयोजनाको स्वस्थ सञ्चालनमा निरन्तर पहल गर्दै जाने प्रतिवद्धता जनाउँदछौं ।

छलफल पश्चात् सभामा निम्नानुसारका निर्धारित प्रस्तावहरू पेश भई सभाको सर्वसम्मतिबाट पारित गरियो ।

**(घ) सभाको निर्णयहरू :**

निर्णयार्थ सातौं वार्षिक साधारण सभा समक्ष पेश भएका निम्न प्रस्तावहरूमा सभाले निम्न बमोजिम निर्णयहरू गऱ्यो :

(क) <u>साधारण प्रस्तावहरू :</u>

**१. कम्पनीको सञ्चालक समितिको सातौं वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।**

सञ्चालक समितिको तर्फबाट सभा-अध्यक्ष श्री अनुप कुमार उपाध्यायज्यूले प्रस्तुत गर्नु भएको आ. व. २०७९/०८० को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्न प्रस्ताव गरिएकोमा सभामा उक्त प्रतिवेदन सर्वसम्मतिबाट पारित गरियो ।

**२. कम्पनीको आ. व. ०७९/०८० को लेखापरीक्षण प्रतिवेदन सहित २०८० आषाढ मसान्तसम्मको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र तत् सम्बन्धी अनुसूचीहरू छलफल गरी पारित गर्ने ।**

लेखापरीक्षकको प्रतिवेदन सहित कम्पनीको २०८० साल आषाढ मसान्त सम्मको वासलात तथा सोही मितिमा समाप्त भएको आ. व. २०७९/०८० को वार्षिक नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण, तत् सम्बन्धी अनुसूचीहरू उपर छलफल समेत भईसकेकोले उक्त विवरण स्वीकृतिका लागि सभा समक्ष प्रस्ताव गरिएकोमा सभाबाट सर्वसम्मतिले उक्त प्रतिवेदन तथा आर्थिक विवरणहरू पारित गरियो ।

SWET-GANGA HYDROPOWER & CONSTRUCTION LIMITED

**३. लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम आ. व. २०८०/८१ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने तथा पारिश्रमिक निर्धारण गर्ने ।**

कम्पनीको लेखापरीक्षण समितिले आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षण गर्नका लागि गत आ.व.का लेखापरीक्षक संस्था S.A.R & Associates, Chartered Accountants लाई मूल्य अभिवृद्धि कर बाहेक वार्षिक रू. १,२७,०००/- (अक्षरेपी एक लाख सत्ताइस हजार रूपैया मात्र) पारिश्रमिक तोकि पुनः लेखापरीक्षकमा नियुक्तिको लागि गरेको सिफारिस बमोजिम उल्लिखित संस्थालाई आ. व. २०८०/८१ को लेखापरीक्षक नियुक्त गर्ने प्रस्ताव सभाको सर्वसम्मतिबाट पारित गरियो ।

**४. रिक्त सञ्चालक पदमा सञ्चालक समितिबाट भएको नियुक्ति अनुमोदन गर्ने ।**

यस कम्पनीको रिक्त हुन आएको सञ्चालक पदमा प्रचलित कम्पनी ऐन तथा यस कम्पनीको नियमावली बमोजिम सञ्चालक समितिबाट तपसिल बमोजिमको नियुक्ति भएको हुँदा, उक्त नियुक्तिको कार्यलाई बाँकी कार्यकाल सम्मका लागि अनुमोदन गर्ने प्रस्ताव सभाको सर्वसम्मतिबाट पारित गरियो ।

**तपसिल**

- यस कम्पनीका शेयरधनी संस्था श्री सानिमा हाइड्रोपावर लिमिटेडका आधिकारिक प्रतिनिधिका रूपमा यस कम्पनीको सञ्चालक समितिमा सञ्चालक/अध्यक्ष पदमा आसीन डा. माणिकलाल श्रेष्ठज्यूले सञ्चालक पदबाट दिनुभएको राजिनामा सञ्चालक समितिको मिति २०७९/१०/१७ गतेको बैठकबाट स्वीकृत भई रिक्त हुन आएको सञ्चालक पदमा नियुक्तिका लागि श्री सानिमा हाइड्रोपावर लिमिटेडले आधिकारिक प्रतिनिधिका रूपमा श्री अनुप कुमार उपाध्यायज्यूलाई यस कम्पनीको नियमावली तथा कम्पनी ऐन, २०६३ को दफा ८७ बमोजिम मिति २०७९/१०/२६ देखि लागू हुने गरी सोही मितिमा बसेको सञ्चालक समितिको बैठकबाट सञ्चालक/अध्यक्ष पदमा नियुक्त गरिएको छ ।

- यस कम्पनीका शेयरधनी श्री सानिमा माई हाइड्रोपावर लिमिटेडको आधिकारिक प्रतिनिधिको रूपमा शेयर स्वामित्व अनुपातका आधारमा यस कम्पनीको सञ्चालक पदमा नियुक्त हुनु भएका डा. सुवर्णदास श्रेष्ठज्यूको सट्टामा उक्त कम्पनीको सञ्चालक समितिको मिति २०८०/०१/२१ गतेको निर्णयले श्री गृष्म ओझाज्यूलाई नियुक्त गर्ने निर्णय गरी मिति २०८०/०१/२४ गतेको पत्र मार्फत सोको जानकारी गराएको हुँदा, सोहि बमोजिमको प्रतिनिधित्व हुने गरी यस कम्पनीको सञ्चालक पदमा परिवर्तन गर्ने निर्णय मिति २०८०/०१/२६ गतेको सञ्चालक समितिको बैठकबाट भई, श्री गृष्म ओझाज्यू सञ्चालक पदमा नियुक्त हुनु भएको छ ।

- यस कम्पनीको सञ्चालक समितिको मिति २०७९/११/०३ गतेको बैठकबाट यस कम्पनीका शेयरधनी श्री डोल्मा इम्प्याक्ट फण्ड I को तर्फबाट प्रतिनिधित्व गर्नु हुने सञ्चालक श्री विद्यावारिधि सिग्देलज्यूको राजिनामा स्वीकृत भई रिक्त हुन आएको कम्पनीको सञ्चालक पदमा यस कम्पनीका शेयरधनी सानिमा हाइड्रो एण्ड इन्जिनियरिङ्ग प्रा. लि. का आधिकारिक प्रतिनिधि डा. सुवर्णदास श्रेष्ठज्यूलाई यस कम्पनीको नियमावली तथा कम्पनी ऐन, २०६३ को दफा ८७ बमोजिम मिति २०८०/०१/२६ गतेदेखि लागू हुने गरी सोही मितिमा बसेको सञ्चालक समितिको बैठकबाट नियुक्त

SWET-GANGA HYDROPOWER & CONSTRUCTION LIMITED

गर्ने निर्णय गरिएको छ । साथै, रिक्त सञ्चालक पदमा नियुक्त डा. सुवर्णदास श्रेष्ठज्यूको साविक बमोजिमको यस कम्पनीको कार्यकारी सञ्चालक पदलाई सञ्चालक समितिको मिति २०७८/०७/०७ गतेको निर्णयानुसारको अवधिसम्मका लागि निरन्तरता दिने निर्णय समेत गरिएको छ ।

**(ख) विविध ।**

विविध विषय अन्तर्गत कुनै छलफल तथा निर्णय भएन ।

**धन्यवाद ज्ञापन तथा सभा विसर्जन :**

सभा-अध्यक्षज्यूले कम्पनीको वार्षिक साधारण सभामा सहभागी भई सभालाई सूचारू रूपमा सम्पन्न गर्न, गराउन सहयोग पुऱ्याउनु भएकोमा सबै शेयरधनीहरू, सञ्चालक समितिका सहकर्मी सदस्यहरू, व्यवस्थापन तथा कर्मचारीहरू, आमन्त्रित व्यक्तिहरू, कम्पनीको प्रगतिमा प्रत्यक्ष वा परोक्ष रूपमा सहयोग गर्ने अन्य सम्बद्ध सबैलाई धन्यवाद ज्ञापन गर्नुभयो । सभा-अध्यक्षज्यूले शेयरधनीहरूले सञ्चालक समिति प्रति देखाउनु भएको विश्वास र सद्भावको निमित्त कृतज्ञता ज्ञापन गर्नुभयो र यस सातौं वार्षिक साधारण सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

..............................
**श्रीमती अंगुरा कोइराला**
कम्पनी सचिव

SWET-GANGA HYDROPOWER & CONSTRUCTION LIMITED

..............................
**श्री अनुप कुमार उपाध्याय**
सञ्चालक/अध्यक्ष